राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


# प्रेस नोट

२०७६ असार ३१

## आप्रवासी कामदार भर्ना अभ्यास र न्यायमा पहुँच विषयको अनुसन्धान प्रतिवेदन सार्वजनिक

आप्रवासी कामदारहरूको मानव अधिकार अन्तर्गत वैदेशिक रोजगारीको क्रममा हुने भर्ना प्रक्रिया र पीडितहरुको न्यायमा पहुँचको विषयमा राष्ट्रिय मानव अधिकार आयोगबाट गरिएको अनुसन्धान प्रतिवेदन आज विभिन्न सरोकारवालाबीच सार्वजनिक गरिएको छ ।

आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले उक्त प्रतिवेदन सार्वजनिक गर्नुभयो । सोक्रममा उहाँले अनुसन्धान कहिल्यै अन्त्य नहुने, यस प्रकारका अनुसन्धानले अझै नयाँ अनुसन्धानको बाटो खोलिदिने बताउनुभयो । मानव अधिकारको विषय सबै क्षेत्रसँग जोडिने सन्दर्भमा आयोगको क्षेत्राधिकार फराकिलो बन्दै गएको बताउँदै नीजि व्यवसायिक क्षेत्र एवं सरकारी निकायमा हुने भ्रष्टाचारले नागरिकको न्यायमा पहुँचको अवस्था कमजोर हुने हुनाले आयोगले मानव अधिकारको दृष्टिकोणबाट अध्ययन अनुगमनका कार्यहरुलाई विशेष जोड दिँदै आएको जानकारी गराउनुभयो । त्यसैगरी संविधानले लिङ्गको आधारमा विभेद नगर्ने एवं महिलालाई सकारात्मक विभेदको विशेष व्यवस्था गरेको स्मरण गराउँदै निर्वानमा उम्मेदवार चयन गरी सरकारमा पठाउन सक्षम हुने तर आफ्नोलागि निर्णय गर्न असक्षम हुने अवस्था रहेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

कार्यक्रममा आयोगका माननीय सदस्य प्रकाश वस्तीले प्रतिवेदनबाट प्राप्त तथ्यहरु नेपाल सरकार लगायत सम्बद्ध सबैपक्षलाई सहयोगी हुने बताउनुभयो । आयोगका माननीय सदस्य सुदिप पाठकले यस प्रतिवेदनमार्फत गरिएका सिफरिसहरुले वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन सहयोग पुग्ने अपेक्षा व्यक्त गर्नुभयो । आयोगका माननीय सदस्य मोहना अन्सारीले दर्ता नभएका एजेण्टहरुमार्फत वैदेशिक रोजगारीमा जाने महिला तथा अन्य कामदारहरु बेचविखनको जोखिममा पर्ने गरेको बताउँदै यसतर्फ सचेत रहन आग्रह गर्नुभयो । वैदेशिक रोजगार विभागका महानिर्देशक डा. भिष्मकुमार भुसालले सुधारको कुनै विकल्प नरहेको बताउँदै आयोगको सुझाव तथा सिफारिसको कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रतिवेदनले वैदेशिक रोजगारीमा जाने कामदारहरुले तलब र सुविधा, कामको प्रकार, रोजगारी करारपत्रमा झुक्याउने एवं नक्कली करारपत्र दिने, पूरा रकमको रसिद नदिने, दर्ता नभएका एजेण्टहरुमार्फत कामदार पठाउने, निःशुल्क भिसा र निःशुल्क टिकटको शून्य कार्यान्वयन, महिला कामदारहरुलाई जबरजस्ती श्रम, शोषण, बेचविखनको जोखिममा रहेका लगायतका समस्याहरुलाई उजागर गरेको छ । यस लगायत अध्ययनको क्रममा प्राप्त तथ्यहरु एवं समस्या तथा चुनौतिहरु सम्बन्धमा अध्ययनकर्ता रामेश्वर नेपालले प्रष्ट पार्नुभएको थियो ।

कार्यक्रममा आयोगका सचिव, निर्देशकहरु, परराष्ट्र मन्त्रालयका सहसचिव, मानव बेचविखन विरुद्ध प्रहरी ब्यूरोका वरिष्ठ प्रहरी उपरिक्षक, अध्यागमन विभागका महानिर्देशक, सुरक्षित आप्रवासन राष्ट्रिय सञ्जाल, वैदेशिक रोजगार व्यवसायी संघ लगायत आप्रवासी कामदारको अधिकारको क्षेत्रमा क्रियाशील विभिन्न गैरसरकारी संघसंस्था, अधिकारकर्मी, सञ्चारकर्मी, आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

..........................
मुरारिप्रसाद खरेल
निर्देशक


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org